# बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७५

प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**कर्णाली प्रदेश**

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७५

*कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट*
*स्वीकृत मितिः २०७५/११/२७ गते*

बहुवर्षीय आयोजनाहरूको ठेक्का व्यवस्थापनलाई सरल, सहज र अनुमानयोग्य बनाउन, ठेक्का बन्दोबस्तमा निश्चित मापदण्ड तर्जुमा गरी विकास आयोजनाहरूको स्रोतको सुनिश्चितता, आयोजनाको लागत तथा व्यवस्थापनमा वित्तीय अनुशासन कायम गरी निर्दिष्ट समयावधिभित्र आयोजना सम्पन्न गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १२३ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो निर्देशिका कर्णाली प्रदेशभर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "खरिद ऐन" भन्नाले खरिद सम्बन्धी प्रचलित कानूनलाई सम्झनु पर्छ ।

(ख) "बहुवर्षीय आयोजना" भन्नाले आयोजना सम्पन्न गर्न एक वर्षभन्दा बढी समयावधि लाग्ने प्रकृतिका आयोजनालाई सम्झनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विषयगत मन्त्रालय" भन्नाले वहुवर्षीय आयोजना कार्यान्वयन गर्ने गराउने जिम्मेवारी भएका प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ ।

३. **बहुवर्षीय ठेक्का बन्दोबस्तको लागि आधार तथा मापदण्डः** देहाय बमोजिमका आधार पूरा भएको आयोजनालाई विषगत मन्त्रालयले वहुवर्षीय ठेक्का बन्दोबस्तीमा लैजान प्रस्ताव गर्न सक्नेछन् -

(१) विस्तृत आयोजना प्रतिवेदन तयार भएको,

(२) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न भएको,

(३) बहुवर्षीय ठेक्का व्यवस्थापनका लागि जग्गा प्राप्तिको प्रक्रिया पूरा भएको,

(४) आयोजना राष्ट्रिय वा प्रादेशिक महत्वको आयोजनाका रुपमा रहेको,

(५) स्रोत सुनिश्चितता भएको (मध्यमकालीन खर्च संरचनामा उल्लेख भए अनुरुप),

(६) वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चित भएको,

(७) आयोजनाको दायित्व फरफारक गर्न कम्तिमा एक वर्षभन्दा बढी समय लाग्ने अवस्था रहेको,

(८) संघ वा स्थानीय तहसँग लागत साझेदारीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र अनुपात अनुरुप लगानीको रकम समेत सुनिश्चित भएको,

(९) प्रत्येक बर्ष सञ्चालन हुने क्रियाकलाप र नतिजा झल्किने गरी खरिद गुरुयोजना स्वीकृत भएको,

(१०) खरिद ऐनका स्थापित मान्यता पालना भएको,

(११) संघ र स्थानीय तहसँग साझेदारीमा सञ्चालन गरिने बाहेकका योजनामा नेपालको संविधान, कार्यविस्तृतीकरण प्रतिवेदन र प्रचलित कानुन बमोजिम प्रदेशको अधिकार क्षेत्रभित्र रहेको,

(१२) प्रदेश सरकारबाट स्वीकृत कार्य विभाजन नियमावलीमा सम्बन्धित विषयगत मन्त्रालयको कार्य क्षेत्राधिकार भित्र पर्ने योजनामा रहेको ।

४. **वहुवर्षीय खरिद सम्झौता गर्न सकिनेः** (१) देहायका अवस्थामा वहुवर्षीय खरिदको सम्झौता गर्नुपर्ने भएमा विषयगत मन्त्रालयले औचित्यसहित मन्त्रालयमा सहमति माग गर्न सक्नेछन् ।



(क) वार्षिक खरिद सम्झौता गरी खरिद गर्नुभन्दा वहुवर्षीय सम्झौता गरी खरिद गर्दा सार्वजनिक निकायलाई सारभूत रुपमा लाभ हुने भएमा,

(ख) खरिद सम्झौताको अवधिमा खरिदको परिमाण सारभूत रुपमा थपघट नहुने भएमा,

(ग) खरिद सम्झौता अवधिभर खरिद गरिने मालसामानको डिजाइन परिवर्तन नहुने भएमा, र

(घ) मालसामान आपूर्तिसँग सम्बन्धित प्राविधिक जोखिम बढी नहुने भएमा ।

(२) उपदफा (१) बमोजिम विषयगत मन्त्रालयले वहुवर्षीय खरिद सम्झौता गर्न आवश्यक देखेमा सहमतिका लागि मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले दफा ५ तथा अन्य आवश्यक पक्षहरूको विश्लेषण गरी सहमति उपलब्ध गराउन सक्नेछ ।

५. **क्षेत्रगत आधार समेत तयार गर्न सकिनेः** आयोजनाहरू कार्य, प्रकृति र विषयका आधारमा फरक-फरक हुने भएकाले विषयगत मन्त्रालयहरूले आफ्ना विषय क्षेत्रमा सञ्चालन हुने आयोजना, कार्यक्रमहरूको क्षेत्रगत (विशेषीकृत) मापदण्ड बनाउन सक्नेछन् ।

तर त्यसलाई अन्तिम रुप दिनुअघि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति लिनुपर्नेछ ।

६. **सहमति लिनुपर्नेः** (१) दफा ३ बमोजिम आधार तथा मापदण्ड पूरा भएका आयोजनाहरूलाई बहुवर्षीय ठेक्कामा लाने प्रयोजनका लागि विषयगत मन्त्रालयबाट निर्णय गरी निर्णयसहित मन्त्रालयमा सहमतिका लागि पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वहुवर्षीय ठेक्का सहमतिका लागि पठाउँदा दफा ३ मा उल्लिखित विवरणको प्रतिलिपि समेत साथै राखी पठाउनुपर्नेछ ।

७. **सहमति दिन सक्नेः** (१) दफा ४ बमोजिम वहुवर्षीय आयोजना ठेक्का बन्दोवस्तीका लागि विषयगत मन्त्रालयबाट सहमति माग भई आएका

आयोजनाहरूलाई प्रदेश सरकारको आर्थिक नीति, स्रोत साधनको अवस्था समेत विचार गरी देहायको समितिको सिफारिसमा मन्त्रालयले सहमति दिन सक्नेछ ।

(क) मन्त्रालयको सचिव - संयोजक

(ख) मन्त्रालयको वित्त व्यवस्थापन महाशाखा प्रमुख - सदस्य

(ग) सम्बन्धित विषयगत मन्त्रालयको योजना महाशाखा प्रमुख- सदस्य

(घ) कर्णाली प्रदेश योजना आयोगको अधिकृत प्रतिनिधि - सदस्य

(ङ) मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखा प्रमुख -सदस्य सचिव

समितिले आवश्यकता अनुसार विज्ञ सदस्यलाई आमन्त्रण गर्न सक्नेछ ।

(२) मन्त्रालयले कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७५ को दफा १९ बमोजिम प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा भएको रकमलाई आधार मानी बहुवर्षीय ठेक्का स्वीकृत भएका आयोजनामा आंशिक वा पूर्ण रुपमा बजेट रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

८. **निर्देशिका लागू हुने:** यो निर्देशिका आर्थिक वर्ष २०७५/७६ देखि बहुवर्षीय ठेक्का बन्दोवस्त भई कार्यान्वयनमा जाने आयोजनाहरूको हकमा लागू हुनेछ ।

९. **विशेष व्यवस्था:** (१) आयोजना कार्यालयले बहुवर्षीय आयोजना ठेक्का सहमतिका लागि कार्य प्रारम्भ गरी निर्णयका लागि सम्बन्धित मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ ।

(२) विषयगत मन्त्रालयलाई प्राप्त बजेटको सिलिङ्गमध्ये बहुवर्षीय ठेक्का स्वीकृति भएका र कार्यान्वयनमा रहेका आयोजनाका लागि बजेट व्यवस्था गरी बाँकी रकम नयाँ आयोजनामा प्रस्ताव गर्नुपर्नेछ ।

१०. **बाधा अड्काउ फुकाउने:** यस निर्देशिका कार्यान्वयनमा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयमा निहित रहनेछ ।